**प्रश्न नं. ३२**

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं. ३७८२ देखि ३९०३ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

मुराती केवटीनको जाहेरीले श्री ५ को सरकार

बिरुद्ध

रुपन्देही जिल्ला लुम्बिनी सांस्कृतिक न.पा. वडा नं. ५ बस्ने सदानन्द केवट र सन्तोषी केवट

मुद्दाः ज्यान सम्बन्धी कसूर

१. सदानन्द केवटले भारतको आफन्त घरवाट भगाई ल्याई मेरी छोरी प्रभावतीलाई स्वास्नी वनाई राखेको थिए । ०७६।७।२८ देखि निजको घरमा मेरी छोरी नभएपछि छोरीलाई कतै वेपत्ता पारेकी भनि खोज तलास गरी पत्ता लगाउँदै थिए, घरमा मेरी छोरी सौता हुन गएको कारणवाट नै छोरीलाई कुटपिट एवं गाली गलौच गर्ने गर्दथे निज छोरीलाई मार्नु पर्ने कारण घरमा जेठी श्रीमती भएकी र निजका छोरा छोरी समेत भएको कारणवाट घर परिवारको मिलोमतो सहमतीवाट मारी जिल्ला रुपन्देही वनरहवा स्थित गाउँको दक्षिण पट्टी निज सन्तोषी केवटको खेतको सव्जी पानी सिंचाई गर्ने चौका इनारामा माटोमा पुरी जमिनसँग वरावर रहेको देखेकी हुँदा मेरी छोरी प्रभावती केवटलाई सन्तोषी केवट र निजकै छोरा सदानन्द केवट समेतले मारी पुरेकोमा पूर्ण विश्वास लागेकोले निजलाई पक्राउ गरी कारवाही गरी सो घटनामा अन्य मानिसहरु संलग्न भए निजहरुवाटै खुलाई कारवाही समेत गरी पाउँ भन्ने मुराती केवटले दिएको जाहेरी दरखास्त ।

२. जिल्ला रुपन्देही लुम्बिनी सांस्कृतिक न.पा. वडा नं. ५ वनरहवा स्थित सन्तोषी केवटको खेतमा रहेको साग सव्जीमा पानी निकाली सिंचाई गर्ने महडा चौडा रहेको सो पुरै माटोले पुरी जमिनसँग वरावर रहेको सो जमिनमा पूर्व दक्षिण तर्फको भागमा २ ठाउँमा दवि कुनै जन्तुले खोतले जस्तो देखिएको सो ठाउँमा प्रहरीद्वारा खन्दै जाँदा विच विचमा केरा पातहरु रहेको देखिएको ११।१२२ फिट गहिराईमा मृतकको शरिरको डाढ देखिएको १२।१२२ फिट गहिराईमा इनारको छेउमा पूर्व मोहडा दक्षिण खुट्टा गरी उत्तानो अबस्थामा मृतक लास रहेको उक्त लाश निकाली हेर्दा नाक, मुख थिचिएको मुत्रद्वारवाट आन्द्रा निस्केको दुवै पैतालाको छाला खुईलिएको पातलो रौ झरेको भन्ने समेतको घटनास्थल तथा लाश प्रकृति विवरण ।

३. लाश प्रकृति विवरण अनुसार निकालिएको लाश मेरी छोरी प्रभावति केवटको लाश देखे चिने मैले दिएको हुलिया निवेदन र जाहेरी वमोजिम छोरीको मृतक लाश हो भनि मुराती केवटले गरि दिएको सनाखत कागज ।

४. भिसेरा रिपोर्ट प्राप्त भएपछि मात्र मृत्यूको कारण भन्न सकिने भन्ने भिम अस्पताल रुपन्देहीको लाश जाँच प्रतिवेदन ।

५. भिसेरा जाँच गर्दा विषका कारण मृतकको मृत्यु भएको भन्ने प्रतिवेदन ।

६. छोरा सदानन्द केवट, जेठी वुहारी र मेरो सल्लाह वमोजिम ०७६।०८।३ गते साँझ सवै परिवारले खाना खाई सकेपछि अन्त्यमा म, छोरा सदानन्द मिली दाल र सव्जीमा विष राखी मृतकलाई खुवाएका हौ । खुवाई सकेपछि मृतकले पेट दुख्यो भनि वान्ता गरी मृत्यू भयो । लाश छोराले हाम्रो खेतको चौडा इनारमा लगी दवाउने भनेपछि हामी दुबै जना वीच सोही कुरामा सल्लाह भई

## प्रश्न नं. ३२

अन्दाजी १२ वजे राती सदानन्दले मृतक प्रभावतीलाई ढाडमा वोकी गाड्न इनारमा लगेका केही समयपछि मैले कोदालो लिई गई सवै मिली पुऱ्यौ र भागी भारत तर्फ गएका हौं । छोरासँग पनि कान्छी वुहारी झगडा गर्ने मेल मिलाप नभएको, नराम्रो आचारण भएको केटी छोराले भगाई ल्याएका, खानदानको इज्जत नराम्रो भएको कारण मुसाको दवाई खुवाई म र सदानन्द भै मारेका हौ भन्ने समेत व्यहोराको प्र। सन्तोषी केवटले प्रहरी समक्ष गरेको बयान ।

७. जिल्ला रुपन्देही लु.सां.न.पा. वडा नं. ५ वनरहवा स्थित सन्तोषी केवटको घर खानतलास गर्दा कोदालो र विड छुट्टाछुट्टै अबस्थामा वरामद गरिएको भन्ने खानतलासी वरामदी मुचुल्का ।

८. मेरी आमा मुराती केवटले इ.प्र.का. लुम्बिनीमा किटानी जाहेरी दिए अनुसार उक्त कार्यालयवाट डोर खटिई पुरिएको इनार खनी हेर्दा मेरी दिदी प्रभावती केवटको लाश भेटीएको हो प्र। सदानन्द केवट, सन्तोषी केवट र लक्ष्मीना केवट समेतले विष प्रयोग गरी घरमै मारी रातारात इनारमा लगी गाडेकोमा पूर्ण विश्वास लाग्छ कडा कारवाही होस भन्ने मृतकको भाई जयराम केवट र सोही व्यहोराको इनल केवट, रामविलास केवट, प्रवेसी केवट समेतले गरी दिएको घटना विवरण कागज ।

९. प्रभावती केवट माइती घरमा छदा राम्रै चाल चलन कि थिइन । उनलाई के कस्तो परिवन्धवाट मारी लास कोही कसैले पत्ता नपाउन भन्ने उद्देश्यले इनारमा लगी गाडेका हुन निजहरुले नै जानुन । उक्त लास निकाल्दाको अबस्थामा सदानन्द केवट समेतका घर परिवारमा कोही नभै भागी गएका थिए भन्ने समेत व्यहोराको भर्खन भर र प्रभावतीलाई मारी लाशलाई कोही कसैले फेला नपारुन भनि अपराधवाट वच्नको लागी इनारमा गाडेकोमा विश्वास लाग्छ भन्ने राधेश्याम लोधले गरि दिएको घटना विवरण कागज ।

१०. मृतक र प्रतिवादीहरुलाई घरमा देखेको थिए। घरमा मेलमिलाप थिएन। प्रभावतीलाई प्रतिवादीहरुले मारी इनारमा गाडेकोमा विश्वास लाग्छ भन्ने व्यहोराको चन्द्रिका कुर्मिले गरि दिएको कागज ।

११. फरार रहेका प्र. सदानन्दलाई खोज तलास गर्दा फेला नपरेको भन्ने प्र.ह. पूर्णवहादुर थापा समेतको निवेदन ।

१२. घरमा सधै कलह झगडा हुने गरेकोले प्रभावती केवटलाई विष खुवाई मार्ने सल्लाह षडयन्त्र गरी योजना वनाई सो अनुरुप प्र. सन्तोषी केवटले भारत कोलही वजारवाट मुसा मार्ने विष किनेर ल्याई पूर्व योजना अनुरुप ०७६।८।३ गते प्रतिवादीहरु सन्तोषी, सदानन्द केवट मिली मार्ने नियतले प्रभावति केवटले खाने दाल र तरकारीमा उक्त मुसाको विष मिसाई खुवाएकोमा सोही विषको असरले प्रभावति केवटको मृत्यू भएको देखिदा र सो पश्चात सोही रात निज प्रतिवादीहरुले अपराध दवाउने छुपाउने नियतले प्रभावती केवटको लास आफ्नै खेतमा रहेको इनारमा पुरेको पुष्टी हुँदा प्रतिवादीहरु सन्तोषी केवट र सदानन्द केवट प्रतिवादीले मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १७७(१) को कसूर गरेको हुंदा ऐ ऐ को दफा १७७ (२) वमोजिम सजाय गरी पाउँ हुने माग दावी लिई फरार प्रतिवादीलाई वारेन्ट सहितको म्याद पुर्जि जारी गराई पाउँ भन्ने समेत व्यहोराको अयिभोग माग दावी ।

१३. अदालतमा प्रतिवादीको सन्तोषी केवटको बयान

१४. अदालतमा हाजिर हुन आएका सदानन्द केवटको इन्कारी बयान

१५. रुपन्देही जिल्ला अदालतको फैसला

१६. उच्च अदालत तुल्सीपुर बुटवल इजलासमा पेश गरेको पुनरावेदनपत्र ।